bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

वर्ष ४० अंक ६२ | २०७८ असार १० गते विहीबार, नेपाल सम्वत् ११४१ June 24, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

एसियन पेन्टस र सेरा कम्पनीको आधिकारीक बिक्रेता




सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोला ।

प्रो. श्याम मौरती
व्यास-२, भेटघाटचोक, दमौली, तनहुँ
फोन:०६५-५६२६८७, ९८५६०६०३४७

ग्रिनरी भानु सप्लायर्स

# देवघाट गाउँपालिकाको आठौं गाउँसभा

## कृषि, स्वास्थ्य, शिक्षा र आन्तरिक राजश्व वृद्धि प्राथमिकतामा

**भञ्ज्याङ समाचारदाता**/देवघाट

तनहुँको देवघाट गाउँपालिकाले आगामी आव २०७८/७९ का लागि कृषि, स्वास्थ्य, शिक्षा र आन्तरिक राजश्व वृद्धिलाई प्राथमिकतामा उत्पादन तथा पकेट क्षेत्रको विकास गर्ने नीति लिएको गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापाले बताए। कोभिड-१९ को संक्रमण र बन्दाबन्दीले आर्थिक मन्दीको अवस्थामा सुधार ल्याउन कृषि सुन्तला उत्पादनका राम्रो रहेको हुँदा सन्तलालाई व्यवस्थित रुपमा बजारीकरण गरी राजश्यको दायरामा ल्याउने नीति अवलम्बन गर्ने भएको छ ।

गाउँपालिकाले सामुदायिक विगत वर्षको नीतिलाई निरन्तरता दिई प्रभावकारी कार्यान्वयन गरिने उल्लेख छ । 'खाली र पर्ती जग्गाको लगत संकलन गरी जग्गा बाँझो राख्न नपाइने नीति अवलम्बन गरिनेछ', अध्यक्ष थापाले भने, 'त्यस्ता जग्गामा खेती गर्न चाहने कृषकलाई गाउँपालिकाले अनुदानको व्यवस्था गर्नेछ ।'

कृषि उत्पादन वृद्धि गर्न उत्पादनका आधारमा अनुदानको व्यवस्था गरिने बताउँदै थापाले सामूहिक खेतीलाई प्रोत्साहन दिइने प्रष्ट पारे । उनले एक वडा: एक नमूना गाउँ कार्यक्रम सञ्चालनलाई निरन्तरता दिने भएको छ ।

चालु आर्थिक वर्षको बाख्रा पकेट क्षेत्र कार्यक्रमलाई प्रभावकारी बनाई आवश्यकता अनुसार थप बाख्रा पकेट क्षेत्र विस्तार तथा एक गाउँ एक अन्नबाली उत्पादनको नीति अवलम्बन गर्ने भएको छ । एकीकृत कृषि विकास कार्यक्रम अन्तर्गत सिंचाई, मल, बीउ, किटनाशक औषधि, प्रविधि, उत्पादित वस्तुको भण्डारण, प्रशोधन र बजारलाई सँगसँगै अगाडी बढाउन अध्ययन, अनुसन्धान, सहयोग र समन्वय गरिने उल्लेख छ ।



देवघाट गाउँपालिकाको आठौं गाउँसभामा आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम प्रस्तुत गर्दै गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापा । *तस्विर : आशिक राना/भञ्ज्याङ*

राखेको छ । गाउँपालिकाले सार्वजनिक गरेको आगामी आवको नीति तथा कार्यक्रममा कृषि तथा पशुपक्षी, रोजगारी र गरिबी निवारण, शिक्षा, स्वास्थ्य तथा आन्तरिक राजश्व वृद्धि लगायतका क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

गाउँपालिकाले कृषिलाई आर्थिक विकासको मेरूदण्डको रूपमा विकास गर्न एक गाउँ: एक तथा पंशुपक्षीको क्षेत्रको उत्पादनलाई प्रोत्साहन गर्ने नीति गाउँपालिकाले लिएको अध्यक्ष थापाले बताए ।

त्यस्तै, गाउँपालिकाको आन्तरिक आम्दानी निकै कम भएकाले राजश्व इकाई गठन गरी बढि भन्दा बढि आन्तरिक राजाश्व संकलन गर्ने नीति पनि गाउँपालिकाले अगाडि ल्याएको छ । गाउँपालिका क्षेत्रमा वनको काठ, ढुंगागिट्टी, बलुवा, वातावरण शुल्क लगायतका क्षेत्रलाई करको दायरामा ल्याउने नीति अगाडि ल्याएको छ भने ५ लाख भन्दा बढि लागतका विकास निर्माणका कामहरू टेण्डर प्रक्रियाबाट अगाडि बढाउने समेत योजना बनाएको अध्यक्ष थापाले बताए । नीति तथा कार्यक्रममा कृषि जमीन बाँझो रहन नदिने

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाई

बाँकी अन्तिम पेजमा



**फलफूलका बिरूवा रोपण** : तनहुँको म्याग्दे गाउँपालिका-२ उमाचोक सामुदायिक वनमा बाँदर व्यवस्थापनका लागि फलफूलका बिरूवा रोपण गरिँदै । तीन हेक्टर क्षेत्रफलमा १४ प्रजातिका ८५० फलफूलका बिरूवा रोपण गरिने भएको छ । *तस्विर : भञ्ज्याङ*

# तनहुँमा सरकारी सेवा खुलाउने तयारी

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँमा सरकारी सेवा खुलाउने तयारी गरिएको छ । निषेधाज्ञामा खुकुलो गराउँदै गएको तनहुँ प्रशासनले सरकारी कार्यालयको सेवा के कसरी सञ्चालनमा ल्याउन सकिन्छ भन्ने विषयमा छलफल चलाएको छ ।

प्रशासन कार्यालय तनहुँमा बुधबार बसेको जिल्लास्तरीय अनुगमन समितिको बैठकले स्वास्थ्य मापदण्ड पालना गर्दै सेवाप्रवाह गराउने निष्कर्ष निकालेको छ । लामो समयसम्म कोभिड-१९ को संक्रमण जोखिमका कारण सेवा प्रवाह ठप्प हुँदा जनसमुदायलाई अप्ठेरो भएको निष्कर्ष निकाल्दै सेवा प्रवाह नियमति बनाउने तयारी गरिएको प्रशासनले जनाएको छ ।

यसका लागि प्रशासनले कार्यालयहरूलाई स्वास्थ्य सुरक्षाका मापदण्डका हिसाबले सेवाप्रवाह नियमित बनाउने योजना तीन दिनभित्र पेश गर्न निर्देशन दिएको छ । प्रमुख जिल्ला अधिकारी सागर आचार्यको अध्यक्षतामा भएको बैठकमा व्यास नगर उपप्रमुख मिरा जोशी, आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय लगायतका प्रमुख तथा जिल्ला समन्वय अधिकारी लगायत उपस्थित रहेको बताइएको छ ।

# प्रतिनिधिसभा विघटन : बहस पुन: शुरू

**शरद शर्मा**/काठमाडौं

सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनविरूद्ध शेरबहादुर देउवासहितका सांसदले दायर गरेको रिटमाथि पुन: आजदेखि बहस शुरू भएको छ । सर्वोच्च अदालतको संवैधानिक इजलासमा बुधबार वरिष्ठ अधिवक्ताद्वय शम्भु थापा, बद्रीवहादुर कार्की, महादेव यादव अधिवक्ताद्वय खम्बवहादुर खाती र गोविन्द बन्दीले बहस गर्नु भएको छ । वरिष्ठ अधिवक्ता थापाले देउवालाई प्रधानमन्त्रीका लागि प्रतिनिधिसभाका २७५ सांसदमध्ये १४९ ले हस्ताक्षर सहित बुझाएको आधार नै संसदमा विश्वासको मत प्राप्त गर्ने बलियो आधार रहेको बताउनुभयो। 'संविधानको धारा ७६ (५) अनुसार नै प्रधानमन्त्री पदमा देउवाका लागि बुझाएको १४९ जनाको हस्ताक्षरसहित दावी पेश गरेपछि आधार पुग्यो भन्ने बुझिन्छ कि बुझिदैन', उहाँले भन्नुभयो, '१४९ जना मसँग छ भनेर दावी पेश गरेपछि ऊसँग बहुमत छैन त ? श्रीमान !'

उहाँले १४९ जनाको लिखित हस्ताक्षरसहित दावी गरेपछि नेकपा (एमाले)का २६ जनाले, जसपाका १२ जनाले भोट हाल्न पाउँदैन भन्ने अधिकार राष्ट्रपतिलाई नभएको जिकिर गर्नुभयो । उहाँले विश्वासको मत प्राप्त गर्ने आधार नदेखिए पछि मात्र राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री नियुक्त गर्न नसक्ने भन्दै तर संविधानको धारा ७६ (५) अनुसार प्रक्रिया पुऱ्याएका देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्नुपर्ने बताउनुभयो । उहाँले राष्ट्रपतिले सांसदलाई मतदानको अधिकारबाट बन्चित गरी संसद विघटन गरेको आरोप लगाउनु भयो । उहाँले प्रधानमन्त्री छान्ने अधिकार राष्ट्रपतिलाई नभई संसदलाई रहेको स्पष्ट पार्नुभयो । उहाँले संविधानको धारा ७६ (३) अनुसार नियुक्त भएको प्रधानमन्त्रीले ७६ (४) बमोजिम विश्वासको मत लिनुपर्ने जिकिर गर्नुभयो ।

अर्का बरिष्ठ अधिवक्ता यादवले ७६(५) बमोजिम प्रधानमन्त्रीको पदका लागि देउवालाई समर्थन गरेका १४९ प्रतिनिधिसभाका सांसद दल नभई सभाका सदस्य भएको जिकिर गर्नुभयो । उहाँले राष्ट्रपति भण्डारीले संविधानको अधिकार प्रयोग गर्ने नभई संविधानले दिएको कर्तव्य निर्वाह मात्र रहेको उल्लेख गर्नुभयो । प्रधानमन्त्री पदका लागि दावी पुगेन भन्ने अधिकार राष्ट्रपति भण्डारीलाई नभई संसदलाई रहेको उहाँको भनाइ थियो । यस्तै वहसमा बरिष्ठ अधिवक्ता कार्कीले संविधानको धारा ७६ (३) अनुसार नियुक्त हुनु भएका प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत प्राप्त नगरेकाले पुन: प्रधानमन्त्रीका लागि ७६ (५)मा दावी गर्न नमिल्ने बताउनुभयो । हाँले संविधानको धारा ७६ (३) अनुसार नियुक्त हुनु भएका प्रधानमन्त्री ओलीले ७६(४) अनुसार विश्वासको मत लिनुपर्ने भनाई राख्नुभयो । रासस

## एकद्वार संकट व्यवस्थापन केन्द्रबाट उपलब्ध सेवाहरू

लैङ्गिक हिंसाबाट बिशेष गरेर महिला तथा वालवालिकाहरू शारीरीक, मानसिक, यौनजन्य दुरब्यवहार, सामाजिक कुरीतिजन्य ब्यवहार तथा लैङ्गिक भेदभावका आधारमा हिंसाबाट प्रभावित हुने गरेका र यसबाट उनीहरूमा शारीरीक यौनजन्य तथा मनोवैज्ञानिक असर पर्ने गरेको छ। यस्ता समस्याहरूको प्रभावकारी सम्बोधनका लागि बिभिन्न संघ संस्था निकायहरूसँग समन्वय गरी एकै ठाउँबाट सेवा उपलब्ध गराउन दमौली अस्पताल तनहुँमा संचालित एकद्वार संकट ब्यवस्थापन केन्द्रबाट निम्न अनुसारको सेवाहरू नि:शुल्क उपलब्ध गराइन्छ ।

**प्रदान गरिने सेवाहरू** :-

१. स्वास्थ्य उपचार
२. चिकित्सकीय कानुनी सेवा
३. मनोसमाजिक परार्मश
४. सुरक्षा
५. सुरक्षित आवास गृह र पुनस्थापना केन्द्र ।
६. कानुनी उपचार जिविकोपार्जन ।

सर्म्पक :
**दमौली अस्पताल**
व्यास-२, दमौली, तनहुँ, सर्म्पक : ०६५-५६०२०३

# बाढी र पहिरोका कारण १३ सडक अवरूद्ध

**रासस**/काठमाडौं

वर्षाका कारण बाढी र पहिरो आउँदा आजसम्म देशभरका १३ सडक पूर्ण रूपमा अवरूद्ध छन् भने २८ सडक एकातर्फबाट (आशिंक) मात्रै सञ्चालनमा छन् । वर्षाले देशभरका विभिन्न राष्ट्रिय राजमार्गहरू अवरूद्ध भएका हुन। असार यता ५६ सडक अवरूद्ध भएकामा अहिले १५ सडक पूर्ण रूपमा नियमित छ। विभाग अन्तर्गका डिभिजन सडक कार्यालयले नजिकैका हेभि इक्युपमेन्ट कार्यालयसँगको समन्वयमा सडक सकेसम्म दुबैतर्फ नसकेमा एकातर्फबाट सुचारू गरिरहेको विभागले जनाएको छ ।

डुम्रे-बेशीशहर-चामे सडक मनाङ र लमजुङको विभिन्न खण्डमा मर्स्याङ्दी नदीले ट्र्याक बगाउँदा र ठूलो ढुङ्गा सहित पहिरो जाँदा अवरूद्ध भएको छ । लमजुङको रामबजार, अर्गले, घट्टेखोला र च्याम्चे खण्डमा सडक १ गते अवरूद्ध भएकामा अझै खुल्न सकेको छैन । मनाङमा तिमाङ खोलाले धारापानीमा १ गते र बगरछापमा ३ गते अवरूद्ध भएको थियो । त्यस्तै मनाङको तिमाङ छहरामा जेठ १६ गते सडक अवरूद्ध रहेकामा अझै सो सडक खुल्न सकेको छैन । अरनिको राजमार्गमा लिपिङ् पुल क्षतिग्रस्त हुँदा त्यहाँको यातायात पूर्ण रूपमा ठप्प छ । सोही राजमार्गको कोदारी र ड्याम साइटमा पहिरोका कारण सडक अवरूद्ध भएकामा हटाउने काम भइरहेको छ ।

साँफेबगर-मार्तडी-कोल्टी सडकमा पर्ने बल्दे-अम्कोट सडक जेठ ३१ मा अवरूद्ध भएकामा अझै खुल्न सकेको छैन । रसुवाको गल्छी-त्रिशूली-वेत्रावती खण्डमा

बाँकी तेश्रो पेजमा

## सम्पादकीय...........

# लापरवाही नगरौं

तनहुँमा स्थानीय प्रशासनले निषेधाज्ञा केही खुकुलो बनाउँदै लम्ब्याएको छ । गत वैशाख २३ गतेबाट जारी गरिएको निषेधाज्ञा असार ७ गतेबाट केही खुकुलो बनाउँदै असार १६ गतेसम्मका लागि लम्ब्याइएको छ । निषेधाज्ञा लम्बाइएपनि जिल्लामा कोरोना संक्रमण दर भने घट्न सकेको छैन । तनहुँका बजार क्षेत्र भन्दा अहिले ग्रामीण क्षेत्रका बासिन्दा संक्रमति हुनेको संख्या समेत बढ्दै गएको छ । निषेधाज्ञाको समयमा स्थानीय प्रशासनले अत्यावश्यक बाहेक अन्य कुनै पनि क्षेत्र खुल्ला नगर्न निर्देशन जारी गरेको छ । तरकारी, खाद्यन्न, फलफूल, दुध, पुस्तकपसल, हार्डवर, मोबाइल पसल लगायतका वस्तु खरिद बिक्रीका लागि प्रत्येक दिन बिहान ५ देखि ९ बजेसम्म खोल्न दिएको छ भने अन्य व्यवसायलाई बिहान ८ बजेदेखि ११ बजेसम्म खोल्न दिइएको छ । यसले गर्दा यो समयमा जिल्लाका बजार क्षेत्रमा भिडभाड हुने गरेको छ । जिल्लामा दैनिक संक्रमित संख्य बढ्दे गएकाले स्वास्थ्य क्षेत्र बाहेक अन्य सबै क्षेत्र पूर्ण रूपमा बन्द गराउनुपर्ने नागरिकस्तरबाट आवाज उठ्ने पनि गरेको थियो । केही व्यवसायलाई समय तोकेर खुल्ला गर्न दिंदा भिडभाड बढेको र यसले कोरोना भाइरस संक्रमणको जोखिम बढेको हो कि भन्ने आशंका गर्न थालिएको थियो । केही क्षेत्रलाई मात्र खुल्ला गर्नुभन्दा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी सबै क्षेत्र खुल्ला गर्दा भिडभाड कम हुने पनि आवाज आउन थालेपछि स्थानीय प्रशासनले निषेधाज्ञालाई केही खुकुलो बनाएको छ । तनहुँका केही व्यापारिहरूले कि सबै क्षेत्र पूर्ण रूपमा बन्द गराउनु पऱ्यो, होइन भने सबै बन्द गर्नुपर्छ भन्न थालेका छन् । केही क्षेत्रलाई खुल्ला गर्दा भिडभाड बढ्यो, नागरिक स्तरबाट समते लापरवाही हुने गरेको पनि देखिन्छ ।

विशेष गरी सदरमुकाम दमौली बजार क्षेत्रमा यो समयमा निकै भिडभाड हुने गरेको छ । निश्चित समय तोकिएर तरकरी, खाद्यन्नका पसल खुल्ला हुने र बैंक तथा वित्तीय संस्थाहरू पनि खुल्ने भएकाले मानिसहरूको भिडभाड हुने गरेको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरी सुरक्षा व्यवस्थापनमा खट्टिएपनि नागरिक स्तरबाट लापरवाही बढ्दो छ । यस्तै, निषेधाज्ञाको समयाबधि लम्बिदै जाँदा र सार्वजनिक यातायातका साधान सञ्चालन नहुँदा वैदेशीक रोजगारीमा जाने समेत समस्यामा परेका छन् । घर विदामा आएपछि निषेधाज्ञा भएपछि रोजगारीमा जान नपाएको र विदामा घर फर्किएकाहरू निषेधाज्ञाका कारण रोजगारीमा जान नसक्दा घरपरिवारमा समस्या आएको बताउन थालेका छन्। यस्तै, तनहुँका १० वटै स्थानीय पालिकाको बजार क्षेत्र भन्दा ग्रामीण क्षेत्रमा पछिल्लो समय कोरोना संक्रमण बढ्दै गएको छ । व्यास नगरपालिकामा सबै भन्दा बढि संक्रमण देखिएको छ । नगरपालिकाको बजार क्षेत्र भन्दा ग्रामीण क्षेत्रका बासिन्दाको बढ्दो लापरवाहीका कारण संक्रमण बढ्दै गएको जिल्लाका स्वास्थ्य संस्थाहरूले निष्कर्ष निकालेका छन् । अहिले बजार क्षेत्र भन्दा ग्रामीण क्षेत्रमा संक्रमण बढ्दै गएको देखाइएको छ । वडावडाका स्वास्थ्य शाखाबाट कोरोनासंग मिल्दा जुल्दा लक्षण देखिएका व्यक्तिहरूलाई परीक्षणको दायारामा ल्याउन अभियान पनि जिल्लामा चलाइएको छ । तर, नागरिकहरूकै लापरवाहीका कारण परीक्षणको दायारा बढाउने समेत चुनौती बन्ने गरेको छ । कोरोनासंग मिल्दा जुल्दा लक्षण देखिएका व्यक्तिहरू परीक्षणको दायारामा नआउने र उनिहरू घुमफिर, भेटघाटमा समेत सक्रिय हुँदा तनहुँमा कोरोना संक्रमण दर बढ्दै गएको निष्कर्ष निकालिएको छ । नेपालमा अर्को नयाँ भेरियन्ट सहितको कोरोना संक्रमण समेत देखिएको स्वास्थ्य विज्ञहरूले बताइराख्दा बढ्दो लापरवाही थप जोखिम निम्त्याउन सक्छ । त्यसैले त्रसित होइन् सचेत र सुरक्षित भई आफ्नो दैनिकी अगाडि बढाउन सबै जिम्मेवार बनौं ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्बुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँबुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँबु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्बुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# झोलुङ्गे पुलले जोडिंदै त्रिवेणी धाम र वाल्मीकि आश्रम

**दयाराम आचार्य**/कावासोती

नवलपरासीको (बर्दघाट सुस्तापूर्व) नवलपुरस्थित त्रिवेणी धाम र चितवनको वाल्मीकि आश्रम जोड्ने गरी नारायणी नदीमा निर्माणाधीन झोलुङ्गे पुल चाडै सम्पन्न हुने भएको छ। हिन्दु धर्मालम्वीहरूको आस्थाको केन्द्रको रूपमा रहेको त्रिवेणी धाम र वाल्मीकि आश्रम जोड्ने गरी ६ वर्ष अघिदेखि नारायणी नदीमा झोलुङ्गे पुल निर्माणको पहल भएको भएपनि विभिन्न अवरोधका कारण सो कार्यले गति लिन सकेको थिएन । निकुञ्ज क्षेत्रमा पर्ने भएकाले पुल निर्माणको प्रक्रिया शुरू गर्न नै लामो समय लागेको थियो । अब भने चाडै नै नेपालका दुई महत्वपूर्ण धार्मिक क्षेत्र त्रिवेणी धाम र वाल्मिकी आश्रम झोलुङ्गे पुलमार्फत जोडिने भएका छन् ।



पुलको अभावमा वाल्मीकि आश्रम पुग्नका लागि हिउँदमा डुङ्गा र वर्षामा भारतले बनाएको बाँधबाट भारतीय बाटो हुँदै पुग्नुपर्ने बाध्यता रहँदै आएको छ । चितवनबाट सडक सञ्जालले जोड्न नसकिएको हुँदा सो आश्रम पुग्नका लागि पूर्वी नवलपरासीको त्रिवेणी हुँदै भारतीय बाटो प्रयोग गरेर पुग्नुपर्ने बाध्यता छ । तर अब झोलुङ्गे पुल निर्माण भएपछि सहज रूपमा नेपाली भूमिहुँदै नै वाल्मीकि आश्रम पुग्न सकिने छ। त्रिवेणी र वाल्मीकि आश्रम जोड्ने गरि निर्माणको क्रममा रहेको झोलुङ्गे पुलका लागि नारायणी नदी वारीपारी लट्ठा तान्ने टावर निर्माण (वेस) को काम सम्पन्न भएको छ। अब लठठ तान्ने काम मात्रै बाँकी रहेको पुलका निर्माणमा लाग्नुभएका सब कन्टर्याक्टर ताराप्रसाद पौडेले जानकारी दिनुभयो ।

उहाँका लठठ उपलब्ध गराउने जिम्मेवारी सरकारको भएकाले केही ढिलाई भएको छ । १५ दिन अघि मात्रै लट्ठा उपलब्ध भएको उहाँले बताउनुभयो । चैत महिनामै लठठ उपलब्ध भएको भए यतिबेला सम्म काम सम्पन्न भइसक्नुपर्ने थियो । पुल निर्माण सम्पन्न गर्ने पछिल्लो सम्झौता जेठ मसान्तसम्म रहेको थियो । वर्षा रोकिएर काम नियमित हुन पाएमा साउन महिनाभित्र पुलको काम सकेर हस्तान्तरण गर्ने योजना रहेको पौडेलको भनाइ छ। झोलुङ्गे पुलको लम्बाई करिब ५३५ मिटर रहेको बताइएको छ । रूबिना–मना जेबि कन्ट्रक्सनले करिब रु ६ करोडको लागतमा सो झोलुङ्गे पुलको निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरेको र सोही अनुसार काम भइरहेको छ ।

नवलपरासी पूर्वका प्रमुख जिल्ला अधिकारी मनमाया पंगेनी, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रकाश मल्लसहितको टोलीले पुलको कामको निरीक्षणसमेत गर्नुभएको छ । नेपाल सरकार र राष्ट्रपति कार्यालयले समेत निकै महत्वका साथ हेरेको यस पुलको कामलाई जतिसक्दो छिटो पूरा गर्न ताकेताका लागि स्थानीय प्रशासनको टोली केही दिन अघि मात्र त्रिवेणी धाम पुगेको थियो । प्रमुख जिल्ला अधिकारी पंगेनीले भन्नुभयो, 'राष्ट्रपति ज्यूले समेत निकै चासो दिनुभएको छ, वाल्मीकी आश्रम भारतको बाटो होइन, झोलुङ्गे पुल तरेर नेपालकै बाटो भएर जाने हो भन्नुभएको छ । त्यसैले हामीले यो पुल निर्माणको काम छिटोभन्दा छिटो गर्न सम्पन्न गर्न तोकता गरेका हौँ ।'

नदी तारेर लठठ पारी लैजान काठको डुङ्गाबाट नसकिने हुँदा मोटरबोटको प्रयोग गरेर लैजानुपर्ने भएको प्रजिअ पंगेनीले बताउनुभयो। काममा ढिलाई नहोस् भन्नका लागि समन्वय गरिएको उहाँको भनाइ छ। भारतीय गण्डक नहर हेर्ने निकायसंग समन्वय गरेर मोटरबोटमार्फत् लठठ पारी लैजाने कुरा भएको उहाँले बताउनुभयो । भारतीय निकायले पनि मोटरबोट सहयोग गर्ने प्रतिबद्धता जनाएको उहाँको भनाइ छ ।

**प्रचार प्रसारको अभाव**

नारायणी, तमसा र सोनभद्र गरी तीनवटा नदीको सङ्गमलाई त्रिवेणी धाम भनिन्छ । यसको महिमा अतुलनीय छ । तर, यहाँको महिमाको बारेमा तीर्थयात्रुले सहजै बुझ्ने र थाहा पाउनका लागि कुनै प्रचार सामग्री टाँसिएको छैन्। त्यस्तै रामायणसँग जोडिएको ठूलो कथाको अंश वाल्मीकी आश्रमसँग छ। सीता माता यहाँ रहँदा लवकुशको जन्मस्थलको रूपमा परिचित वाल्मीकी आश्रम प्रचार प्रसार र त्यहाँ सम्म पुग्ने भरपर्दो सडक नहुँदा श्रद्धालु भक्तजनलाई पुग्न कठिन छ । आश्रममा प्राचीन समयका आकृतीहरू ढुंगामा कुदिएको पाइन्छ।

**त्रिवेणी धामको इतिहास**

कालिदासले रघुवंश नाटकमा चर्चा गरेको हिमालय नजिकको त्रिवेणी धाम यही थियो। यसको महिमागान वराह पुराण र स्कन्द पुराणको हिमवत्खण्डले पनि गरेका छन्। त्रिवेणी धाममा गजेन्द्रमोक्ष, भक्तेश्वर शिव मन्दिर, लक्ष्मी वेंकटेश्वर मन्दिर, नागाबाबा कुटी, राधाकृष्ण मन्दिर, कोटिहोम यज्ञशाला, संस्कृत विद्यालय र सुन्दर बगैंचा छन् । यो स्थान प्राकृतिक रूपमा सुन्दर र धार्मिक रूपमा महत्वपूर्ण छ। स्नान, पितृतर्पण, श्राद्ध, उपनयन, कर्णभेदन, अन्नप्राशन, चूडाकर्म तथा अन्य संस्कारहरु सम्पन्न गर्ने उपयुक्त स्थानका रूपमा त्रिवेणी धामलाई लिने गरिएको पाइन्छ ।

यहाँ कात्तिक मेला, कुम्भ मेला, रामनवमी, व्यास पूर्णीमा, होली, छठ र बुद्ध जयन्तीका अवसरमा यहाँ ठूलठूला मेला लाग्दछन् । त्यति बेला तीर्थयात्रीहरूको ठूलो भीड लाग्ने गर्दछ । त्रिवेणी धामका मेलामा नेपालभन्दा पनि भारतबाट श्रद्धालुहरूको ठूलो घुइँचो हुने गर्दछ । त्रिवेणीको स्नान अति उत्तम मानिन्छ । स्वर्गबाट देवता र अप्सराहरूसमेत यहाँ स्नानका लागि आउने गर्दथे भन्ने जनविश्वास छ । नारायणी नदीको किनारमा रहेको हुनाले पनि यसको धार्मिक महत्व ठूलो रहेको छ । नजिकै वाल्मीकि आश्रम, हरिहरक्षेत्र र देवघाटलगायत अन्य प्रसिद्ध तीर्थहरु रहेकाले पनि त्रिवेणी धामको महत्व ठूलो छ । रासस

## साबुन पानीले मिचिमिचि हात धुने बानीको विकास गरौं ।

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
सहयोगीहरूले उत्साह जगाउनेछन्। दिगो काममा फाइदा उठाउन सकिनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
भूमि तथा पशुधनबाट लाभ मिल्नेछ। टाढिएका आफन्त नजिकिन सक्छन् ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
उचित मूल्यांकन भए पनि मिहिनेतको प्रतिफल हातपार्न केही समय लाग्नेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
समस्याबाट जोगिन सजग रहनुहोला। मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा पुग्न विलम्ब हुनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
पहिलेका सहयोगीहरु प्रतिस्पर्धामा उत्रिन सक्छन् । सोख पूरा गर्न सञ्चित रकम खर्च हुनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
सानो प्रयत्नले धेरैको भलाइ गर्न सक्छ । मिहिनेतले लक्ष्यमा पुर्याउनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
वैधानिक प्रावधानले लक्ष्यमा पुग्न अप्ठ्यारो पार्नेछ । अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । व्यवसायमा मनग्य धनलाभ हुनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
आम्दानी बढ्नाले उत्साह जाग्नेछ। व्यापारमा राम्रै फड्को मार्न सकिनेछ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
स्वास्थ्यमा विशेष ध्यान पुर्याउनुहोला। खर्च बढ्नाले अर्थ अभाव पनि महसुस हुनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
विवादास्पद कामको जिम्मेवारी वहन गर्नुपर्ला । पशुपालन तथा कृषिबाट लाभ मिल्नेछ ।

# गण्डकी प्रदेशमा जग्गा चक्लाबन्दीलाई निरन्तरता, कृषि एम्बुलेन्स सञ्चालन गरिने

कृष्ण दवाडी/कास्की

गण्डकी प्रदेश सरकारले कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायी करणमार्फत उत्पादन र उत्पादकत्व वृद्धिलाई प्राथमिकतामा राखेको छ । प्रदेश प्रमुख सीताकुमारी पौडेलले सोमबार प्रदेशसभामा प्रस्तुत गर्नुभएको सरकारको आगामी आर्थिक वर्ष २०७८/७९ को नीति कार्यक्रममा कृषिको आधुनिकीकरण गरी स्वरोजगारका अवसर सिर्जना तथा खाद्य सुरक्षाको प्रत्याभूतिमा जोड दिएको छ। सरकारले स–साना टुक्रामा विभाजित जमिनको एकीकरण गरी सामूहिक खेती गर्ने जग्गा चक्लाबन्दी कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिएको हो। जग्गा चक्लाबन्दीका आधारमा व्यावसायिक कृषि फार्म सञ्चालन गर्न प्रोत्साहन गर्ने र ठूलो क्षेत्रफलमा एकै किसिमको व्यावसायिक उत्पादन गर्ने सरकारको योजना छ ।

आव २०७६/७७ देखि प्रदेशमा चक्लाबन्दी कार्यक्रम शुरूआत भएको थियो । पहिलो वर्ष एक हजार ६८५ रोपनी जमिन चक्लाबन्दी गरिएकामा चालू आवमा दुई हजार ५७२ रोपनी जमिन चक्लाबन्दी गरेर सामूहिक खेती शुरू गरिएको भूमि व्यवस्था कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालयलका भूमि स्रोत नक्साङ्कन महाशाखा प्रमुख गङ्गालाल पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार गण्डकी प्रदेशका अधिकांश जिल्लामा यस कार्यक्रम सञ्चालन गरिएको र कृषकको आकर्षण बढेको छ । गण्डकी प्रदेशको २१ लाख ९७ हजार ३६८ हेक्टर जमिनमध्ये चार लाख ८७ हजार ५७८ हेक्टर जमिन मात्र खेतीयोग्य रहेको छ। कूल खेतीयोग्य जमिनमा तीन लाख ७० हजार ५५९ हेक्टरमा हाल खेतीबाली लगाउने गरिएको छ । सरकारले स्थानीय तहमा उत्पादित कृषि उपज तथा वस्तुलाई बजारसम्म पुर्‍याउन तथा उत्पादित वस्तुलाई खेर जान नदिन कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्न स्थानीय तहसँग सहकार्यको योजना अघि सारेको छ । कृषि एम्बुलेन्स सेवा शुरूआतसँगै कृषकले उत्पादन गरेका उपजलाई सहजरूपमा बजारसम्म लैजान सहयोग पुग्नेछ ।

कृषि स्रोत केन्द्रहरूको सुदृढीकरण गरी मुख्य–मुख्य तरकारी तथा फलफूल बालीको बेर्ना उत्पादन, खाद्यान्न बालीको स्रोत बीउ उत्पादन र व्यावसायिक कीट उत्पादन कार्यलाई जोड दिने र मुख्य तथा रैथाने खाद्यान्न बालीहरूको बीज वृद्धिलाई विशेष प्राथमिकता दिइने कार्यक्रममा उल्लेख छ । यसैगरी बालबालिका, महिला, ज्येष्ठ नागरिकको खाद्य तथा पोषण सुनिश्चितताका लागि करेसाबारी तथा घरबगैंचा कार्यक्रमलाई निरन्तरता, रैथाने तथा स्थानीय बालीलगायत मौलिक उत्पादनको प्रवर्द्धन र उपयोग, दलहन तथा तेलहन बालीको उत्पादनलाई प्रवर्द्धन र विद्यालयमा दिइने दिवा खाजासमेतमा स्थानीय उत्पादनको प्रयोग गर्ने सरकारको कार्यक्रम छ ।

मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषिगाउँ कार्यक्रमलाई परिमार्जन गरी प्रभावकारी कार्यान्वयन, शितोष्ण फलफूलको उत्पादन वृद्धि गर्न उच्च पहाडी तथा हिमाली क्षेत्रका उपयुक्त 'क्लष्टर'मा स्याउ, ओखर बगैंचा स्थापना, विस्तार तथा बजारीकरण, सबै स्थानीय तहमा माटो परीक्षण शिविर सञ्चालन गरी माटोको गुणस्तर क्रमशः सुधार गर्दै लैजाने कार्यक्रम छ । नेपाल सरकारसँगको सहकार्यमा 'डिजिटल स्वयल म्यापिङ'लाई प्रदेशमा कार्यान्वयन गर्ने र माटोको उत्पादकत्व बढाउन माटोमा प्राङ्गारिक पदार्थ र कार्बनको हिस्सा वृद्धि गर्ने योजना नीति कार्यक्रममा समेटिएको छ । नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा रासायनिक मलको आपूर्तिका लागि आवश्यक व्यवस्था मिलाउने, दिगो कृषि प्रणालीको विकास गर्न प्राङ्गारिक मलको उत्पादन र उपयोगलाई प्राथमिकताका साथ अघि बढाउने भएको छ । स्थानीय तहसँगको सहकार्यमा बाँझो जग्गाको लगत तयार गरी त्यस्ता जग्गालाई उपयोग गरी कृषिजन्य उत्पादन वृद्धि गर्न बाँझो जग्गामा व्यावसायिक खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनको योजना छ ।

खेतीयोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउन नयाँ पूर्वाधारहरूको निर्माण तथा पुराना आयोजनाको मर्मतसम्भार र स्तरोन्नति, कृषि सेवाका प्राविधिकहरूको क्षमता अभिवृद्धि गरी स्थानीयस्तरमा प्रभावकारी प्राविधिक सेवा प्रवाहमा सहजीकरण गर्ने योजना छ। किसानलाई विश्वविद्यालय र अनुसन्धान केन्द्रका विज्ञसँग आबद्ध गर्ने, किसान सूचीकरण अभियानलाई सफल बनाउने, स्थानीय तहसँगको सहकार्यमा डिजिटल प्रविधिको प्रयोग गरी कृषिसम्बन्धी सूचना तथा तथ्याङ्क अद्यावधिक गर्ने प्रणाली विकास गरिने नीति कार्यक्रममा समेटिएको छ । व्यावसायीकरणको उच्च सम्भावना भएका स्थानीय तहमा मुख्य एक कृषि उपज उत्पादन, बजारीकरण तथा व्यावसायीकरणको लागि आवश्यक पर्ने प्राविधिक तथा आर्थिक सहयोग गर्ने, उपजको बजारीकरणका लागि शीतभण्डार, चिस्यान केन्द्र, प्रशोधन केन्द्र, पशु बधस्थल, कृषि बजार स्थापना सहयोग कार्यक्रमलाई निजी क्षेत्रसँगको सहकार्यमा निरन्तरता दिने सरकारको योजना छ । दूध तथा दुग्धजन्य पदार्थको प्रवर्द्धन गर्न प्रादेशिक दुग्ध नीति तर्जुमा, गाईपालनमा आधुनिक प्रविधि ल्याएर प्रदेशलाई दुग्ध पदार्थमा आत्मनिर्भर, उच्च उत्पादन क्षमता भएका उन्नत नश्लका गाईभैंसीको संख्यात्मक तथा गुणात्मक बढोत्तरी गर्न पशु नश्ल सुधारसम्बन्धी कार्यक्रम तथा पाडी बाच्छी हुर्काउन प्रोत्साहन र रेबिज रोगको संक्रमण शून्य गराउन विशेष कार्यक्रम सञ्चालनको योजना छ ।

स्थानीय नश्लका पशुपक्षीको आनुवांशिक स्रोतको संरक्षण, प्रवर्द्धन र उपयोगलाई निरन्तरता, मासुका लागि लिमे भैंसी र दूध उत्पादनका लागि पार्कोटे भैंसीको संरक्षणको कार्यक्रम सरकारको छ । स्थानीय तहसँगको सहकार्यमा प्रत्येक वडामा पशु तथा कृषि प्राविधिक स्वयंसेवक परिचालन, माछा उत्पादनमा आत्मनिर्भर बन्न मत्स्य स्रोत केन्द्र स्थापना तथा स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा मत्स्य ह्याचरी स्थापना गरी कृषकस्तरमा माछाका भूरा उपलब्ध गराइने योजना अघि सारिएको छ । नेपाल सरकारसँग समन्वय गरी गरिब घरपरिवारको पहिचान, गरिबी न्यूनीकरण गर्न सहकारी, कृषि, लघुउद्यम, पर्यटन तथा पूर्वाधार विकास क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउने, प्रदेश सरकारको लगानी र कार्यक्रमको प्रतिफल समुदायसम्म विस्तार गरी गरिबी न्यूनीकरणमा जोड दिन निजी, सहकारी एवं गैरसरकारी क्षेत्रसँग सहकार्य गरिने प्रस्तुत नीति कार्यक्रममा उल्लेख छ । रासस

**गण्डकी प्रदेशको २१ लाख ९७ हजार ३६८ हेक्टर जमिनमध्ये चार लाख ८७ हजार ५७८ हेक्टर जमिन मात्र खेतीयोग्य रहेको छ । कूल खेतीयोग्य जमिनमा तीन लाख ७० हजार ५५९ हेक्टरमा हाल खेतीबाली लगाउने गरिएको छ ।**

**स्वास्थ्य परीक्षण सम्बन्धी सुचना !**

**हाम्रा उपलब्ध सेवाहरू :**

दैनिक बिरामी जाँच, प्याथोलोजी(Lab) जस्तै sugar fasting, PP, thyroid, Hba1c , RFT, LFT, Lipid profile, रगत सम्बन्धी सम्पुर्ण जाँच । Vedio x-ray सेवा, ECG सेवा, घाउ Dressing, Suturing सेवा, गुणस्तरीय फार्मेसी सेवा दिनुको साथै Regular खाने सुगर, प्रेशर, मुटु, मानसिकका औषधीहरू पनि बिक्रीवितरण गरिएको छ ।

**सामाजिक दुरी कायम गरी उपचार गरिने छ ।**

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

ब्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६१५७८, ९८४६०६२४६५

# चीनद्वारा चार कम्पनीलाई कोभिड-१९ को खोप बिक्री अनुमति

रासस/सिन्ह्वा/बेइजिङ

चीनले कोभिड–१९ विरूद्धको खोप निर्माण गर्ने चार वटा कम्पनीका खोपलाई विदेश निर्यातका लागि खुला गरिदिएको छ। यी खोपहरूलाई चीनभित्र शर्त सहित बजारमा बिक्री गर्न अनुमति प्राप्त भइसकेको छ । चीनले विदेशमा खोप बिक्री गर्न अनुमति दिइएका कम्पनीहरूमा बेइजिङ इन्स्टिच्यूट अफ बायोलजिकल प्रडक्ट्स, सिनोभाक लाइफ साइन्सेज कम्पनी, क्यानसिनो बायोलजिक्स कम्पनी र वुहान इन्स्टिच्यूट अफ बायोलजिकल प्रडक्ट्स कम्पनी रहेका छन् ।

चीनको वाणिज्य मन्त्रालयका अनुसार बेइजिङ इन्स्टिच्यूट अफ बायोलजिकल प्रडक्ट्स र सिनोभ्याकका दुई किसिमका खोपहरूले विश्व स्वास्थ्य संगठनबाट यसअघि नै आपतकालीन प्रयोगका लागि अनुमति प्राप्त गरिसकेका छन् । यी खोपहरू चीनको ठूलो जनसमूहलाई प्रदान गरिएको छ भने विश्वका १०० भन्दा बढी मुलुकले स्वीकृत गरिसकेका छन्, वाणिज्य मन्त्रालयका वरिष्ट अधिकारी लि झिङक्वीनले बताउनुभयो ।

उहाँले सबै मुलुकलाई खासगरी विकासशील मुलुकहरूलाई सस्तो मूल्यमा गुणस्तरीय खोप उपलब्ध गराउने चीन सरकारको नीतिलाई खोप उत्पादक कम्पनीहरूले पनि ध्यान दिने विश्वास व्यक्त गर्नुभयो । चिनियाँ अधिकारीहरूले कोभाक्ससँगको साझेदारीलाई अझ सुदृढ गर्न चीनले निरन्तर मद्दत गर्ने पनि बताएका छन्। चीनको वाणिज्य मन्त्रालयले चीनबाट खोप खरिद गर्नका लागि विदेशी मुलुकलाई सहयोग गर्न चीन तत्पर रहेको पनि जनाएको छ ।

## बाढी र पहिरोका ..........

असार १ मा सडक अवरूद्ध भएको थियो । सो सडकको विकल्प भएकाले तत्काल मर्मत नहुने सडक विभागले जनाएको छ । तत्काल पूर्णरूपमा नियमित हुन नसक्ने राजमार्गमा एकातिरबाट पहिरो पन्छाएर सवारीसाधन नियमित गरिएको विभागले जनाएको छ । खोड्पे–चैनपुर सडकको रिखारी पातल र चिपल ढुङ्गा, तमैल सडक र अरनिको राजमार्गको जुरे सडक पनि आशिंक रूपमा सञ्चालनमा छ ।






जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४





**विपन्न महिलालाई बाखा वितरण :** तनहुँको भानु नगरपालिका–८ स्थित सिर्जना जैविक महिला समूहका विपन्न दलित महिलालाई बाखा वितरण गरिँदै । समूहमा आबद्ध १२ दलित महिलालाई आयआर्जनका लागि बाखा वितरण गरिएको हो । *तस्विर : भञ्ज्याङ*

## facebook twitter



**धुप बत्ती**
twitter.com/Amrita_Thapa1
"सुखी र खुसी जिबन हरेकको चाहाना हो
तर दुखको सामना गर्दै सुख प्राप्त गर्नेले
कहिले अरूको दुखमा हास्दैनन् किनकि उनीहरूले
जीबनका हरेक पलको अनुभव गरेका हुन्छन् ॥"



**बिजु**
twitter.com/lunatic_vzu
मन जले जस्तै, जलिरहेछ! एउटा ठुटो
धुवाँ प्रश्न गर्छ, म भैँ, क्षणिक थिइन र!
तिमी भन्दा, कयौं गुणा, नशालु थिइन
तिमी केवल उड्छौ,उनी त सताउँछिन



**साहिबा**
twitter.com/saugat2075
धर्मको मुख्यत: दुइ आयाम हुन्छ। एउटा हो संस्कृति, जसको सम्बन्ध बाहिरी दुनियाँसँग हुन्छ। अर्को हो आध्यात्म जसको सम्बन्ध भित्रसँग हुन्छ । धर्मको तत्व भित्र छ। मत बाहिर छ। तत्व र मतको जोडनै धर्म हो। तत्वको आधारमा मतको निर्धारण हुने हो भने मात्र धर्मले सहि दिशा लिनसक्छ।



**मनुशी**
twitter.com/mannusii
जीवनमा अगाडि बढ्नको लागि आफ्नो लक्ष्य हुनु पर्छ सफलता निमित्त आ□नै मेहनत र परिश्रम बाट पुरा गर्न सक्नु पर्छ लक्ष्य सानो होस् या ठूलो हुनै पर्छ, बिना लक्ष्यमा त मलाई आफ्नै हाँसो पनि राम्रो लाग्न छोड्छ!

# पाईदैनन् खेताला, चल्न छोड्यो अर्मपर्म

**तारानाथ आचार्य**/बलेवा

*'गर्न आउ है अर्म र पर्म
सबै विदेश कोही छैन गाउँघरमा
बर्खा लाग्यो... झ्याउँकिरी बास्न
थाल्यो, भ्यागुता करायो, हाम्रो भेट
हरायो...'*

यो वर्षको बर्खा पनि घरदैलोमै आयो । गाउँ छेवैको जङ्गलमा झ्याउँकिरी आवाजले साँझ परेको सङ्केत गर्छ । रातभरि भ्याकुताको ट्वार ट्वार तथा झ्याउँकीरी र भ्याकुताले समयको लय त समाते तर त्यही समयको लयमा चल्नुपर्ने किसानलाई भने गाउँ छोडेका युवाका कारण समस्यामा छ । विष्णु खत्रीले केही वर्षअघि बजारमा ल्याएको यो गीतले नेपाली समाजको चित्रण गर्छ । कोरोना महामारीको पहिलो लहर चल्ने समयमा भरिभराउ भएका बागलुङका गाउँहरूले दोस्रो लहरको समयमा भने उत्साह भर्न पाएनन् । पहिलो लहर चल्दा विदेशमा भएका युवा र देशकै ठूला शहर पसेकाहरू गाउँ फर्किएका थिए । गाउँमा छुट्टै खालको उत्साह थियो । गत वर्षको बर्षायाम शुरू हुनुपूर्व चलेको पहिलो लहरले गाउँघरमा बर्खे खेती गर्न सघायो । कारण गाउँमा युवाको जमात थियो ।



गीतमा भनिए जस्तै अर्मपर्म चल्ने गाउँ अहिले खाली छन् । सबै युवा विदेश भएकाले गाउँमा खेताला, खेताली पाउनै मुस्किल छ । अर्मपर्म त एकादेशको कथा जस्तै हुन थाल्यो । "धान रोप्न खेतालाको जोहो एक महिना अघिबाटै गर्नुपर्छ, नत्र समयमा रोपाइँ गर्नै सकिँदैन", जैमिनी नगरपालिका–१० राङ्खानीका डिलप्रसाद पौडेल भन्नुहुन्छ, "पर्मको कुरा छाडौं, ज्यालामा काम गर्ने पनि पाउनै मुस्किल छ, युवा विदेश छन्, कसले गर्ने दु:ख ?"

गाउँमा बसेका केही युवाका पनि आफ्नै व्यावसायिक फार्महरू छन् । कसैले कुखुरा पालेका छन्, कसैले गाईभैंसी, बाख्रा र तरकारी तथा नगदेबाली । व्यावसायिक बनेका युवाले सिजनको खेतीका लागि समय दिन नसक्ने किसानहरू बताउँछन्। "धान रोप्ने बेला भयो, खेतला पाइँदैनन्, पाएका पनि महँगा छन्", बागलुङ नगरपालिका–१४ नारायणस्थानका किसान केशव सुवेदी भन्नुहुन्छ, "सिजनको खेती गर्न कठिन भइसक्यो ।"

पछिल्लो समय आएको प्रविधिले किसानलाई सघाएको छ तर बर्खे खेतीको समयमा भने प्रविधिको गतिसँगै चल्ने जनशक्ति पनि चाहिन्छ । एक हल गोरूले दिनभर लगाएर रोप्ने खेत अहिले मिनीपावर ट्रिलर (यान्त्रिक हलो)ले केही घण्टामै हिलाउँछ । सोही अनुसार आली लगाउने, छेउकुना खन्ने र सम्याउने जनशक्ति चाहिने सुवेदी बताउनुहुन्छ । एक हल गोरूका पछि लाग्नेभन्दा दोब्बर खेताला मेसिनका पछि चाहिने उहाँको अनुभव छ । काम गर्ने जनशक्तिकै अभावले उर्वर जमीन बाँझिन थालेको किसानको गुनासो छ । बागलुङमा जेठदेखि नै रोपाइँ शुरू भइसकेको छ । गलकोट र जैमिनी नगरपालिकाका खोला छेउमा सिँचाइको अभाव नभएका खेतमा धमाधम रोपाइँ भइरहेको छ । रोपाइँ शुरू भए पनि जनशक्तिको भने चरम अभाव रहेको आदानप्रदान कृषि सहकारीका सचिव मित्र थापाले बताउनुभयो।

यहाँ दिनभरि काम गर्दा पाउने ज्यालाभन्दा विदेशमा हुने दैनिक कमाइ धेरै हुने भएकाले युवाहरू गाउँ बस्न नमान्ने थापाको अनुभव छ । सिजनमा मात्रै हुने खेतीपाती र खाली समयमा रोजगारी नहुँदा पनि युवाहरू गाउँमा अड्याउन नसकेको उहाँले सुनाउनुभयो । ठूला फाँट र एकैपटक धान रोप्ने समयमा सबैभन्दा बढी किसानलाई समस्या हुने गरेको छ । रासस

**वर्षात याममा बाढी पहिरोका कारण हुने धनजनको क्षती न्यूनिकरणका लागि**

१. बाढी पहिरोबाट जोखिम कम भएका स्थानहरूको पहिचान गरौं,
२. आफ्नो गाउँ टोलहरूमा विपद् पूर्व सूचना प्रणालीको विकास गरौं,
३. आकस्मिक सम्पर्क नम्बरहरु नेपाल प्रहरी, नेपाली सेना, ससत्र प्रहरी, अस्पताल, स्वयसेविकाहरु, खोज तथा उद्धार दल, प्राथमिक उपचार दल, गाउँपालिका/नगरपालिकाका सम्पर्क नम्बरहरु टिपोट गरेर राखौं।
४. समुदायमा उच्च जोखिममा रहेको वर्गहरु अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिकहरु, बालबालिकाहरु, सुत्केरी महिलाहरु को विपदको समयमा उचित तथा सम्मानपुर्वक ख्याल राखी विपद बाट हुने धनजनको क्षतिलाई कम गरौं।
५. वर्षा र बाढीबारेको जानकारी थाहा पाउन ११५५ नम्बरमा फोन गर्न सकिन्छ। उद्धारको लागि सहायता लागि ११४९ मा सम्पर्क गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सेनाको हेलिकप्टरबाट इन्धन पठाइने

**रासस**/काठमाडौं

मनाङमा सडक खुलाउन प्रयोग गरिने उपकरणमा इन्धन अभाव भएपछि नेपाली सेनाको हेलिकोप्टरबाट इन्धन पठाइने भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा आज नेपाली सेना, सडक विभाग, सम्बन्धित स्थानका जनप्रतिनिधि, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रतिनिधि सहभागी बैठकमा सडक अवरूद्ध हुँदा स्थानीयवासीको जीवन कष्टकर भएकाले चाँडो खुलाउन पहल गर्ने विषयमा छलफल भएको थियो । झण्डै १० दिनदेखि अवरूद्ध सडक खुलाउने विषयमा सरोकारवाला निकायसँगको छलफलपछि मातहतका निकायलाई निर्देशन दिँदै भौतिक पूर्वाधार मन्त्री बसन्तकुमार नेम्वाङले बाढीपहिरोका कारण अवरूद्ध सडक तत्काल खुलाउन लाग्नुपर्ने बताउनुभयो। आज भएको छलफलमा सो सडक खण्डमा भएको क्षतिको विस्तृत अध्ययन गर्न नेपाली सेना र सडक विभागको प्राविधिक टोली शुक्रबार पठाउने निर्णय भएको छ। बाढीपहिरोका कारण बेंसीशहर–चामे सडक अरूद्ध हुँदा मनाङ जिल्ला सडक सञ्जालबाट बिच्छेद भएको छ ।

जेठ ३१ जेठ रातिदेखि आएको अबिरल वर्षाका कारण बाढीपहिराले सडक भत्काउँदा यातायात अवरूद्ध भएको थियो । अहिले सडक विभागले बेंसीशहरदेखि १८ किलोमिटरसम्म सडक खुलाएको छ भने बाँकी खण्डको अवरोध हटाउने प्रयास भइरहेको छ । बाढीपहिराका कारण चामेका ५६ घरमा पूर्ण क्षति पुगेको र २०० भन्दा बढी घर जोखिममा रहेका छन् । छलफलमा विघटित प्रतिनिधिसभाका सदस्य पोल्देन छोपाङ गुरूङ, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशक अनिल पोखरेल, नेपाली सेनाका प्रतिनिधि, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव रविन्द्रनाथ श्रेष्ठ र सडक विभागका महानिर्देशक अर्जुनजङ्ग थापा सहभागी रहनु भएको थियो ।

# देवघाट गाउँपालिकाका .....

रोजगारी सिर्जनालाई प्राथमिकतामा राखी श्रमको सम्मान, देवघाट गाउँपालिकाको अभियान कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ । रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई आगामी आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरिने, रोजगारी सुनिश्चित गर्न व्यावसायिक कृषि, सिंचाई, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पूर्वाधार लगायतका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक कार्यहरूमा सहकार्य गरिने उल्लेख गरिएको छ ।

स्वास्थ्यतर्फ कोभिड–१९ को विश्वव्यापी संक्रमणले सिर्जना गरेको जनस्वास्थ्यको चुनौतीलाई व्यवस्थापन गर्न सक्ने क्षमताको विकास गरिने, कोभिड–१९ को महामारी तथा यसपछि पनि आउन सक्ने अन्य महामारी विरूद्ध लड्न स्वास्थ्य संस्थालाई सुदृढ बनाउने नीति गाउँपालिकाको छ ।

अस्पताल तथा स्वास्थ्य संस्थामा औषधि, स्वास्थ्य सामग्री र व्यक्तिगत सुरक्षा सामग्री सहित उपकरणको उचित व्यवस्थापन गर्नुका साथै विभिन्न सरोकारवाला निकायको सहयोग र समन्वयमा एम्बुलेन्स खरिद गर्ने नीति गाउँपालिकाले बनाएको अध्यक्ष थापाले जानकारी गराए ।

यस्तै, गाउँपालिका भित्र रहेको ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक स्थलको पहिचान गरी आवश्यक पूर्वाधारहरू तयारी गरी ग्रामीण पर्यटन प्रवर्द्धनका कार्यक्रमलाई प्राथमिकतामा राख्ने भएको छ । आगामि आर्थिक वर्षका लागि गाउँपालिकाले करिब ५० करोड रूपैयाँ बराबरको बजेट ल्याउने तयारी गरेको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोन: ०६५–५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४